# आसमान नेपाल
# २५ वर्षको गौरवमयी यात्रा
२०५६-२०८१



Aasaman Nepal

25

√ Education

× Child Labor

Glorious Journey towards "All Children Should be in full-time formal day school"

# १ आसमान नेपालका कोशेढुङ्गाहरू

**१९९९**

***आसमान नेपालको स्थापना***

धनुषा जिल्लामा आसमान नेपालको स्थापना

**१९९९**

***सामुदायीक साक्षरता कार्यक्रम***

धनुषामा साक्षरता कार्यक्रम (१९९९-२०००) शुरुवात

**२००३**

***काम छोडाउ स्कूल पठाऊ***

सबैका लागि शिक्षा, बाल अधिकार र बाल पोषण कार्यक्रममा ध्यान केन्द्रित; प्रत्येक बालबालिकाको अनुगमन; आसमानको पहिलो रणनीतिक योजना

**२००५**

***बिधालय निर्माण***

बिधालय निर्माण, मर्मत,र आपतकालीन सहयोग

**२००८**

***बाल विवाह अन्त्यमा ध्यान केन्द्रित***

बाल विवाहको उन्मूलन र बालिकाहरूको अधिकार प्रवर्द्धनमा ध्यान केन्द्रित

**२०११**

***समुदाय-केन्द्रित पोषण र जीबिकोपार्जन***

समुदाय आधारित पोषण र जीबिकोपार्जन सहयोग कार्यक्रममा ध्यान केन्द्रित

**२०१५**

***आपतकालीन सहयोग, मानवीय कार्य र गुणस्तरीय शिक्षा***

आपतकालीन सहयोग र मानवीय कार्य (भूकम्प पछि) मा ध्यान केन्द्रित; समावेशी गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न स्थानीय शासन सुदृढीकरण

**२०१६**

***विषयगत क्षेत्रहरूको विस्तार***

छ वटा विषयगत क्षेत्रहरू: शिक्षा र बाल संरक्षण, स्वास्थ्य र पोषण, महिला सशक्तिकरण, प्राकृतिक स्रोत व्यवस्थापन र जीबिकोपार्जन, सुशासन, प्रकोप ब्यवस्थापन, आपतकालीन सहयोग र मानवीय कार्य

**२०१८**

***साक्षरता कक्षा र जीबिकोपार्जन सहयोग एकीकृत***

साक्षरता कक्षाहरू र जीबिकोपार्जन मार्फत बिद्यालय बाहिरका बिवाहित युवा र किशोरीहरूलाई शिक्षामा पहुँच

**२०१९**

***शिक्षा सम्बन्धी राष्ट्रिय अभियान***

'सबै बालबालिका पुर्ण समय औपचारिक दिवा स्कूलमा हुनुपर्दछ' अभियान शुरुवात

**२०२०**

***कोविड संकट व्यवस्थापनको लागि सहकार्य***

स्थानीय सरकारसंगको सहकार्यमा डिजिटल कार्य वातावरण र अनलाइन कामको शुरुवात; 'प्रत्येकले पाँचलाई पढाउँ' अभियान; मानवीय सहयोग, जीबिकोपार्जन सहयोग; खोप कार्यान्वयनमा सहयोग

**२०२१**

***बाल हेल्पलाइन - १०९८***

बाल हेल्पलाइन - १०९८ सञ्चालनमा ल्याउने

**२०२४**

***सम्पूर्ण मधेशमा काम***

मधेश प्रदेशका सबै १३६ स्थानीय तहमा काम

# २ आसमान नेपालका विषयगत क्षेत्रहरू




*शिक्षा र बाल संरक्षण आसमानको एक प्रमुख विषयगत क्षेत्र हो। संस्थागत लक्ष्य र रणनीतिक योजनासङ्गको तादात्म्यतामा, आसमानले सीमान्तकृत्, बहिष्कृत, र संकटमा रहेका बालबालिकाहरूलाई पूर्णकालिन औपचारिक दिवा विद्यालयमा समावेश गर्न प्राथमिकता दिएको छ। आसमानले मुख्यतः बालबालिकाहरूको शिक्षा पहुँचलाई सुधार्न, भर्ना दरहरू बढाउन, निरन्तरतालाई प्रोत्साहन गर्न, र लिङ्गभेद घटाउन काम गरेको छ।*

*आसमानले आमा, नवजात शिशु, बाल स्वास्थ्य र पोषण, पोषण शिक्षा, परिवार नियोजन, लैङ्गिक र प्रजनन स्वास्थ्य (किशोर र महिला), मानवीय प्रतिक्रिया, स्वास्थ्य शिक्षा कार्यक्रम, पोषण कार्यक्रम, र पोषणको समुदाय आधारित व्यवस्थापनमा कार्यक्रम केंद्रित गर्दछ।*

*आसमान नेपालले महिलाहरूलाई आफ्नो बच्चा र तिनीहरूको स्वास्थ्य, शिक्षा, र जीबिकोपार्जनसँग सम्बन्धित निर्णयहरू गर्न सक्षम बनाउन र उपलब्ध सेवाहरू र अधिकारहरू माथि पहुँच बढाउन सशक्तिकरणमा काम गर्दै आएको छ। आसमान नेपालले महिलाहरूको आत्मनिर्भरतालाई सुदृढ गर्न, आर्थिक पुनरुत्थानलाई सहयोग गर्न र सामाजिक न्यायलाई प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्न उनिहरुको सहभागिता बढाउन काम गर्दछ।*

*आसमानले समुदायको धेरै गरिब र अति सीमान्तकृत मानिसहरूलाई आर्थिक विकास र मानसिक सहयोगद्वारा समुदायको क्षमता बढाउन काम गर्दै आएको छ।*

*आसमानले आपतकालीन सहयोगका सन्दर्भमा बिहङ्गम दृष्टिकोण अपनाएको छ। संस्थाको उद्देश्य, लक्ष्य र दीर्घकालीन रणनीति भनेको आपतकालीन तयारीलाई बढाएर र बहु-पक्षीय सहयोग र सन्जालको माध्यमबाट आपतकालीन सहायता प्रदान गर्ने र प्रतिकार्य समुदायको निर्माण गरेर आवश्यकता भएका मानिसहरूलाई सेवा पुऱ्याउनु हो। यसले मानवीय सहायता र आपतकालीन सहयोग कार्यक्रमहरूको साथसाथै प्रकोप न्युनिकरणलाई एक महत्त्वपूर्ण घटकको रूपमा समेटेर,प्रकोप जोखिम न्यूनीकरण (DRR) केन्द्रित कार्यक्रमहरुको आयोजना, समन्वय र कार्यान्वयन गरेको छ।*

*आसमान नेपालले पारदर्शिता, उत्तरदायित्व, र सामुदायिक सहभागितालाई प्रोत्साहित गरेर सुशासनको प्रवर्धन गर्छ। आन्तरिक सुशासनमा प्रतिबद्ध आसमान नेपाल, समावेशी र सहभागीमूलक सुशासनप्रति आफ्नो समर्पणलाई मूर्त रूप दिंदै सरकारी िनिकायहरूसँग सहकार्य मार्फत उनीहरूको क्षमता अभिबृद्दिलाई सहयोग गर्दछ, र समुदायहरूलाई शासन प्रणालीहरूसँग जोडने काम गरिरहेको छ ।*

विगतका वर्षहरूमा आसमान नेपालले आफ्नो भौगोलिक कार्यक्षेत्रहरुमा उल्लेखनीय वृद्धि गरेको छ।

**Strategic Period:**

१९९९ - २००४

२००४ - २००९

२०१० - २०१४

२०१५ - २०१९

२०२० - २०२४




*केही जिल्लाहरूमा केन्द्रित उपस्थितिबाट, आसमान नेपाल तराई, पहाड, र हिमाली क्षेत्रहरूका विभिन्न जिल्लाहरूमा फैलिएको छ। यस विस्तारले नेपालको शहरी र दुर्गम ग्रामीण क्षेत्रहरूमा पनि पुग्दै, समुदायहरूको बदलिंदो आवश्यकताहरू अनुसार समायोजन गर्दै, विकासका चुनौतीहरूलाई समग्र रूपमा सम्बोधन र समाधान गर्ने यो संस्थाको प्रतिबद्धता रहेको छ।*

# ४ आसमान नेपालबाट लाभान्वित वर्ग र संस्थाहरू



# ५ शिक्षा र बाल अधिकारका लागि आसमान नेपालका अभियान/पहलहरु

## २०२०-२०२४

- COVID-19 महामारीको कारण विद्यालय बन्द हुँदा शिक्षामा आएको अवरोध तोड्नको लागि दूर शिक्षा-शिक्षण
- बालबालिकाको आधारभूत शिक्षामा सुधार गर्न "स्तर अनूसारको शिकाई पद्धति (TaRL)" अवलमबन
- 'कुनै पनि बालिका पछाडि नछुट्उन', शिक्षामार्फत स्कूल बाहिरका बालबालिकाको सशक्तिकरण

## २०१५-२०१९

- बिद्यालय बाहिरका बालिकाहरूको शिक्षामा पहुँच बढाउन र सुधारिएको शैक्षिक प्रतिफलका लागि मेन्टरिंग
- बालिकाहरू र सीमान्तीकृत बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षाको प्रवर्धन
- बालबालिकाहरूको शिक्षामा पहुँच बढाउन स्थानीय स्तरमा सहभागीता र आवश्यकतामा आधारित योजना तर्जुमाको प्रवर्धन

## २०१०-२०१४

- बिद्यालय व्यवस्थापन संरचना सुदृढ गर्नका लागि *'सबमे समझदारी, असल शिक्षाके तयारी'*
- बिद्यालय बाहिर रहेका बालिका र महिलाहरूको साक्षरता सुधारका लागि वैकल्पिक शिक्षा कार्यक्रम
- मुसहर समुदायको शक्तिका रूपमा शिक्षाको ज्योति बढाउने कार्यक्रम

## २००५-२००९

- *'जनम देली त पढ दिअ'* मार्फत शैक्षिक संस्थानमा बाल भर्ना र टिकाउमा केन्द्रीत
- *'अशल शिक्षा दिअ'*, बाल मैत्री गुणस्तरीय शिक्षाको बढावा
- सहयोगी संरचनाको निर्माण र परिचालन

## १९९९-२००४

- बाल शिक्षाको अधिकार सुनिश्चित गर्न जन्म दर्ता अभियान
- *'काम छोडाउ, बिद्यालय पठाउ'*, र बाल श्रम मुक्ति अभियान
- बाल विवाह र बाल श्रम मुक्ति क्षेत्र निर्माणका लागि *'बाल विवाह, जिन्दगी तबाह'* अभियान

'सबै बालबालिका पूर्ण समय औपचारिक दिवा स्कूलमा हुनुपर्दछ'

# ६ आसमान नेपाल: विस्तारित साझेदारी (१९९९-२०२४)

*२५ वर्षमा, आसमान नेपालले आफ्नो लक्ष्य प्राप्तिका लागि ५४ राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी गरेको छ, जसमा १० द्विपक्षीय दाताहरू, २५ आईएनजीओहरू, पाँच नेपाली संस्थाहरू, तीन निजी क्षेत्रका संस्थाहरू, पाँच संयुक्त राष्ट्रसंघका निकायहरू, बिभिन्न क्षेत्र र तहगत सरकारी निकायहरू छन्। यसले आसमान नेपालको बढ्दो विश्वसनीयता र यसको प्रभावको वैश्विक मान्यता उजागर गर्दछ।*

**११**

*Save the Children Nepal, Japan International Cooperation Agency, Department for International Development, Child Fund Japan, International Development Center of Japan, International Labor Organization, World Education, Poverty Alleviation Fund, DEO, CCO, Winrock International*

**१९९९ - २००४**

**२२**

*Save the Children Nepal, Japan International Cooperation Agency, Child Fund Japan, International Development Center of Japan, International Labor Organization, World Education, Poverty Alleviation Fund, DEO, Room to Read, CCO, World Concern, Winrock International, Action Aid, UNICEF, Tottori Japan, USAID, The European Union, British Council, The World Bank, Save the Children Sweden, DEO*

**२००५ - २००९**

**१९**

*Save the Children, Voluntary Service Overseas, Child Fund Japan, Welthungerhilfe, Japan International Cooperation Agency, UNICEF, Rural Reconstruction Nepal, Aide et Action, UNESCO, Poverty Alleviation Fund, Population Service International, CCO, The European Union, Britain Nepal Medical Trust, Laxmi Bank Finland Embassy, NCELL, World Concern, International*

**२०१० - २०१४**

**१९**

*Voluntary Service Overseas, Welthungerhilfe, UNICEF, Aide et Action, UNESCO, Poverty Alleviation Fund, Population Service International, Norwegian Ministry of Foreign Affairs, Swiss Contact, NCELL, Norwegian Embassy, UN Women, Lutheran World Relief, Australian Embassy, UK Aid, German Cooperation, Street Child, Kindernothilfe, People in Need*

**२०१५ - २०१९**

**३१**

*Norwegian Embassy, The European Union, USAID, Voluntary Service Overseas, Welthungerhilfe, UNICEF, UNESCO, Population Service International, Swiss Contact, UN Women, Lutheran World Relief, Australian Embassy, UK Aid, German Cooperation, Street Child of Nepal, Kindernothilfe, People in Need, World Education, World Food Programme, The Lutheran World Federation, Save the Children, British Council, Captivating International, Care Nepal, Global Development Group, Good Neighbors International, Johns Hopkins Center for Communication Programs, Plan International, UNFPA, Vicente Ferrer, The Donkey Sanctuary*

**२०२० - २०२४**



# ७ बृहत्तर प्रभावका लागि विस्तार हुँदै गएका व्यवसायिक सञ्जाल एवं सहयोगीहरू

आसमान नेपालले रणनीतिक रूपमा आफ्नो सञ्जाल र गठबन्धनहरू विस्तार गरेको छ, जसले समुदायहरूमा ठूलो मात्रामा प्रभाव पार्नको लागि यसको क्षमतालाई उल्लेखनीय रूपमा बढाएको छ । १९ वटा फरक राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जालहरूसँगको यो व्यापक साझेदारीले आसमान नेपाललाई बाल संरक्षण र शिक्षा देखि पोषण र लैंगिक समानतासम्मका बहुआयामिक चुनौतीहरूलाई ठूला-ठूला कार्यक्रम र सहकार्यका प्रयासहरू मार्फत सम्बोधन गर्न सक्षम बनाएको छ, जुन स्थानीय, राष्ट्रिय, र अन्तर्राष्ट्रिय स्तरमा प्रतिध्वनित हुन्छन् । क्षेत्र बिशेषका लागि विषयगत नेतृत्वकर्ता र जिम्मेवार 'फोकल' व्यक्तिहरूलाई समेटेर, आसमान नेपालले आफ्ना कार्यक्रमहरूको लक्षित र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दछ, जसले नेपालको विविध समुदायहरूमा यसको पहुँच र प्रभावलाई व्यापक बनाउँछ ।



# ८ आसमान नेपालको वित्तीय व्यवस्थापनमा वृद्धि

अघिल्लो दशकमा आसमान नेपालले वित्तीय स्रोत परिचालनमा उल्लेखनीय वृद्धि गरेको छ। २०१६ देखि देखिएको उल्लेखनीय वृद्धिसँगै नियमित कार्यक्रम बिस्तारबाट संगठनले आफ्नो वित्तीय आधार विस्तार र आफ्ना कार्यहरूलाई व्यापक बनाउन गरेका सफल प्रयासहरूलाई झल्काउँछ। यो वित्तीय वृद्धिले संस्थागत क्षमतालाई संकेत गर्दछ। यसका साथै, वित्तीय वृद्धिले ठूला विकास परियोजनाहरू कार्यान्वयन गर्नको लागि आवश्यक क्षमताको पुष्टि गरेको छ, जसले विभिन्न क्षेत्र र समुदायहरूमा यसको प्रभावलाई महत्वपूर्ण रूपमा वृद्धि गरेको छ।



# ९ आसमान नेपालको यात्रालाई फर्केर हेर्दा: सिकाई र आगामी बाटो

आसमान नेपालको रणनीतिक योजना, कार्यक्रम तर्जुमा, कार्यविधि र लाभग्राहीको जीवनमा भएको प्रभावकारी परिवर्तनहरूले शिक्षा र बाल अधिकारको प्रवर्द्धनमा उल्लेखनीय उपलब्धिहरू लगायत पछिल्लो २५ वर्षमा यसले अङ्गिकार गरेको व्यापक दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ ।

- बालबालिका र महिलाहरूको अधिकार सुदृढ गर्न विद्यालय व्यवस्थापन समूह, युवा समूहहरू, शिक्षक अभिभावक संघ आदिसँगको सहकार्यमा कार्यान्वयन गरिएका लक्षित रणनीतिक योजना-निर्देशित कार्यक्रमहरूले नीति र कार्यक्रमिक स्तरमा मूर्त र स्थायी परिणामहरू हासिल गरे । उदाहरणका लागि मधेश प्रदेश (विशेषगरी धनुषा र महोत्तरी) ले ALP कक्षाहरूका लागि बजेट छुट्याएको छ । आसमानले स्थानीय सरकारहरू जस्तै पालिकाहरूलाई GESI योजना, बाल संरक्षण नीति र शिक्षा योजना तयार गर्न, स्तर अनुसारको शिकाई पद्धति (TaRL) लागु गर्न र विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था अध्ययन गर्न सहयोग गर्‍यो । सहकार्यका यी प्रयासहरूले १९९९ मा ५१% रहेको विद्यालय जाने बालबालिकाको संख्या बढाएर ८१% पुर्‍यायो ।
- व्यावसायिक सीप हस्तान्तरणले विशेषगरी कमजोर समुदायका युवा र COVID–19 महामारीको समयमा अत्याधिक प्रभावित भएका युवाहरूलाई आय आर्जनका कृयाकलापहरूमा संलग्न हुन मद्दत गर्‍यो ।
- ज्ञान ब्यवस्थापनले आसमान नेपाललाई धेरै लाभ भएको छ । तीन चरणमा प्रकाशित अनुक्रमणिका (monograph), मुल्यांकन प्रतिवेदनहरू र वार्षिक प्रतिवेदनहरूले आसमानलाई विद्यालयमा बालबालिकाहरूको पहुँच, रोकथाम र शिक्षाको गुणस्तरमा ध्यान केन्द्रित राख्न मद्दत गर्‍यो । यसले आसमानका टोली सदस्यहरू र सरोकारवालाहरूमा समान बुझाइ विकसित गर्न समेत मद्दत गर्‍यो ।
- नीति, निर्देशिका र ढाँचाहरूको विकासले आन्तरिक सुशासन र सकारात्मक संस्थागत संस्कृतिलाई प्रोत्साहन गर्‍यो । वित्तीय सफ्टवेयर, मानव स्रोत र 'सप्लाइ चेन' ढाँचा र अनुगमन, मूल्याङ्कन ढाँचाको कार्यान्वयनमा लाग्दै आसमानले प्रभावकारी कोष ब्यवस्थापन, गुणस्तरको सुनिश्चितता र पारदर्शिता हासिल गरेको छ ।
- बर्षौंको अनुभव र सिकाईका आधारमा आसमान नेपालले '**सबै बालबालिका पूर्ण समय औपचारिक दिवा स्कूलमा हुनुपर्दछ**' भन्ने अभियान सुरु गरेको छ । यो अभियानले ३०० भन्दा बढी युवाहरूलाई संगठित गरेको छ । स्थानीय सरकारले यस पहललाई स्वागत र सहयोग गरेको छ ।
- विषयगत क्षेत्रहरूमा रणनीतिक ध्यान केन्द्रित गर्दै कार्यक्रम तर्जुमा गर्दा आसमान नेपाललाई तीनै तहका सरकार, अन्तर्राष्ट्रिय विकास साझेदारहरू र राष्ट्रिय स्तरका नागरिक समाजका संस्थाहरूबाट पहिचान र सहकार्य गर्न सहयोग गरेको छ ।

**२५ वर्षमा, आसमान नेपालले आफ्नो सफलताहरू र चुनौतीहरूबाट हासिल गरेको सिकाईलाई तल उल्लेख गरिएको छः**

- स्थानीय सरकारहरूसँगका समझदारीपत्र (MoUs) ले आसमानलाई दीर्घकालीन रूपमा काम गर्न, समुदायको विश्वास आर्जन गर्न र स्वामित्व र उत्तरदायीपनाको बिकास गर्न सहयोग गरेको छ ।
- विशेष गरी COVID–19 महामारीको समयमा गरिएको सामाजिक परिचालन र सामुदायिक सहजीकरणले (जसमा स्थानीय मानव स्रोतहरूको प्रवर्द्धन र नियुक्ती समावेश छ) सामुदायिक विश्वासलाई उल्लेखनीय रूपमा प्रवर्द्धन गरेको छ ।

- सामुदायिक र जिल्ला स्तरमा सहयोगी संरचनाहरूको परिचालनले कार्यक्रमको सफलतामा थप योगदान गरेको छ । द्वन्दको समयमा अवरोध भएको 'स्थानीय फील्ड कार्यालय' को अवधारणालाई अहिलेको सामुदायिक कार्यालयमा निरन्तरता दिनु जरुरी छ ।
- स्वास्थ्य र पोषण कार्यक्रमको रूपमा 'पोषण करेसाबारी र बेमौसमी खेती' लाई समावेश गर्दा बालबालिका मात्र नभई, उनीहरूका आमाहरू र परिवारका सदस्यहरूको पोषणमा ठूलो सुधार भएको छ ।
- बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने कामका लागि कम्तीमा १० वर्षको सहयोग आवश्यक पर्छ। त्यसकारण, कार्यक्रमहरूको 'फलोअप' र अनुगमनलाई सुनिश्चित गर्नु आवश्यक पर्छ ।
- कार्यक्रमको तर्जुमा गर्दा आवधिक समीक्षा र सिकाई आदान प्रदान गर्नका लागि थप स्थान दिनु जरुरी छ ।

## आगामी बाटो:

यसका सिकाइको आधारमा आसमान नेपालले अघि बढ्ने योजना बनाएको छः

- '**सबै बालबालिका पूर्ण समय औपचारिक दिवा स्कूलमा हुनुपर्दछ**' भन्ने अभियानलाई सबै ७५३ स्थानीय तहहरूमा विस्तार गर्दै, युवा स्वयंसेवकहरूको प्रशिक्षण र विकासद्वारा मधेश प्रदेशमा गहन रूपमा अघि बढाउने ।
- सरकारको योजना र कार्यक्रमहरूलाई सफल बनाउन वडादेखि पालिका, प्रदेश र संघीय स्तरसम्मका सरकारहरूसँगको रणनीतिक संलग्नता ।
- कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्दा जलवायु परिवर्तनलाई एक अन्तर-विषयक विषयवस्तुको रूपमा समावेश गर्ने जस्तैः विद्यालय वृक्षारोपण कार्यक्रमलाई शैक्षिक कार्यक्रममा एकीकृत गर्ने ।
- कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनमा लैंगिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (Gender Equality, Disability, and Social Inclusion-GEDSI) लाई एक अन्तर-विषयक विषयवस्तुको रूपमा समावेश गर्ने ।
- सफल नमुना परियोजनाहरूलाई मधेश प्रदेशमा विस्तार गर्ने ।
- विशेष गरी गुणस्तरीय शिक्षा, सुशासन र बाल पोषणमा गुणस्तरीय कार्यक्रमको कार्यान्वयन र त्यसमा संस्थागत पहिचान विकासमा विशेष ध्यान केन्द्रित गर्ने ।
- पोषणका समस्याहरूमा अभियान केन्द्रित गर्ने र विशेष कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- कार्य अनुसन्धानका गतिविधिहरू सञ्चालन गर्ने ।
- विद्यालय बाहिरका बिवाहित युवा र किशोरीहरूलाई साक्षरता कक्षाहरू र जीबिकोपार्जनमा सहयोग मार्फत शिक्षामा पहुँच बृद्धि गर्न कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।
- आमा र बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न पोषण करेशाबारी केन्द्रित कार्यक्रमको तर्जुमा गर्ने ।